# बाल विवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनिकारणका लागि स्थानीय प्रणाली सुदृढीकरण परियोजना: अन्तिम मूल्यांकनको संक्षिप्त प्रतिवेदन

## पृष्ठभूमि

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोगको सहयोगमा सञ्चालित Breakthrough ACTION नेपालको बालविवाह, उमेर नपुगी र जबरजस्ती विवाह न्यूनीकरणका लागि स्थानीय प्रणाली सुदृढीकरण परियोजना (२०२०-२०२४) ले मधेश प्रदेशका गाउँ/नगरपालिकाहरूको संस्थागत र प्राविधिक क्षमता सुदृढ गर्न सामाजिक व्यवहार परिवर्तनका कार्यक्रमहरूको डिजाइन, बजेट निर्धारण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, र समन्वय गर्नका लागि सहयोग पुर्याएको थियो । यो परियोजना बालविवाह, उमेर नपुगी र जबरजस्ती विवाह न्यूनीकरणका लागि ६ वटा गाउँ/नगरपालिकाहरूको सामाजिक व्यवहार परिवर्तनका क्षमता सुदृढ गर्न स्थानीय सरोकारवालाहरूको समन्वयमा बालविवाह, उमेर नपुगी र जबरजस्ती विवाहको समस्याहरू समाधान गर्न स्थानीय तहमा केन्द्रित रहेको थियो । यी गाउँ/नगरपालिकाहरूको उद्देश्य बालविवाह, उमेर नपुगी र जबरजस्ती विवाह न्यूनीकरण गरी बालिका र महिलाहरूको जीवनस्तर सुधार गर्नु थियो ।

गाउँ/नगरपालिकाहरूले समाजका सम्पूर्ण समूह र तहलाई सम्बोधन गर्न उच्च स्तरका निर्णयकर्ता देखि अभिभावक र किशोरकिशोरीहरूलाई लक्षित गरी विभिन्न ११ प्रकारका क्रियाकलापहरू कार्यान्वयन गरेका थिए । क्षमता सुदृढीकरण क्रियाकलापहरूका प्रत्यक्ष प्रभावहरू पहिचान गर्न यस परियोजनाले complexity-aware पद्धती अपनाएको थियो जसमा क्षमता सुदृढीकरण स्वःमूल्यांकनहरू, outcome harvesting, र सबैभन्दा महत्वपूर्ण परिवर्तन समावेश थियो । गाउँ/नगरपालिकाहरूले नेतृत्व र लगानी गरेका क्रियाकलापहरूको प्रत्यक्ष प्रभावहरू मापन गर्न (जुन यस परियोजनाका अप्रत्यक्ष प्रभावहरूलाई पनि समेट्छ) घरधुरी सर्वेक्षण गरिएको थियो । यी चारवटा विधिहरूले संयुक्त रूपमा तथ्याङ्कको तुलनात्मक विश्लेषणलाई समग्र रूपमा प्रस्तुत गरे जसमा अपेक्षा गरिका र अपेक्षा नगरिएका परिणामहरू, प्रभावका बारेमा सरोकारवालाहरूको दृष्टिकोण, र सहभागी सरोकारवालाहरू तथा संघ संस्थाहरूको परिणामहरूलाई दिगो राख्ने क्षमता समेटिएको छ । यी पद्धतीहरूलाई एकिकृत गरेर परियोजनाले एक समग्र मूल्याङ्कनको सुनिश्चितता, समयसँगै क्षमता सुदृढिकरण क्रियाकलापहरुको प्रभावकारिता र दिगोपनाको एकिन गरियो । यो संक्षिप्त प्रतिवेदनमा क्षमता स्वःमूल्याङ्कनहरू र अन्तिम मूल्याङ्कन सर्वेक्षणका मुख्य बँदाहरू समेटिएका छन् । यहाँ प्रस्तुत गरिएका निष्कर्षहरूमा सन्दर्भिकता तथा गहनता थप्नका लागि, outcome harvesting प्रक्रियाबाट क्षमता सुदृढीकरण भएको देखाएको छ भनेसबैभन्दा महत्वपूर्ण परिवर्तनको संक्षिप्त प्रतिवेदनले भने यी क्रियाकलापहरूलाई सरोकारवालाहरूले कसरी बुझे भन्ने कुरामा प्रकाश पारेको छ ।


## क्षमता स्वःमूल्यांकन

समयक्रममा कुनै पनि संघसंस्था, कार्यक्रम, वा व्यक्तिको क्षमता र दक्षता निरन्तर रुपमा विकास गर्न सक्ने योग्यताको मूल्याङ्कन गर्न क्षमता सुदृढीकरण स्वःमूल्यांकनको विकास गरिएको हो । परियोजनाको सुरुवातमा, Breakthrough ACTION नेपालले मधेश प्रदेशका पदाधिकारी र कर्मचारीहरूको सहकार्यमा प्रदेश र गाउँ/नगरपालिका स्तरमा आधारभूत क्षमता स्वःमूल्यांकनहरू सम्पन्न गर्‍यो । यी मूल्याङ्कनहरूले चारवटा क्षेत्रहरु, योजना तर्जुमा, क्रियाकलापहरुको विकास र व्यवस्थापन, सामाजिक व्यवहार परिवर्तन सिद्धान्त, समन्वय, पैरवी र अनुगमन तथा मूल्याङ्कन गर्ने क्षमताको मूल्याङ्कन गरेको थियो । यी मूल्याङ्कनहरू १५० भन्दा बढी वडा र गाउँ/नगरपालिका स्तरका पदाधिकारीहरू र कर्मचारीहरूले साना साना समूहहरूमा काम गर्दै सबैको सहमतीमा अंक निर्धारण गरेका थिए ।

आधारभूत स्वःमूल्यांकनका निश्कर्षहरुले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि सामाजिक व्यवहार परिवर्तन सम्बन्धि क्षमतामा रहेका प्रमुख अन्तरालहरुलाई पहिचान गर्न मद्दत गर्‍यो, जसमा सामाजिक व्यवहार परिवर्तन सम्बन्धी बुझाइमा कमी, प्रमाणमा आधारित सामाजिक व्यवहार परिवर्तन

कार्यक्रमको विकास र योजनाको अभाव, सरोकारवालाहरूबीच पर्याप्त समन्वय नभएको, र बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका क्रियाकलापहरुका लागि अनुगमन तथा मूल्याङ्कन अभ्यासको अभाव जस्ता चुनौतीहरू समावेश छन् । यी अन्तरालहरुलाई सम्बोधन गर्न, यस परियोजनाले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि स्थानीय आवश्यकताहरू र अवसरहरूलाई ध्यानमा राख्दै सामाजिक व्यवहार परिवर्तनका सिद्धान्तहरू र दृष्टिकोणहरूको प्रयोग गरेर क्रियाकलापहरूको योजना, विकास, व्यवस्थापन र अनुगमन गर्न गाउँ/नगरपालिकाहरू र वडाहरूको क्षमता सुदृढ गर्नका लागि विशेष क्रियाकलापहरूको विकास गरेको थियो । अन्तिम मूल्याङ्कनका नतिजाहरूले सबै क्षेत्रको क्षमतामा मुख्य सुधार भएको देखाउँछ (संक्षिप्तमा कुल प्राप्तांकहरूका लागि चित्र १ हेर्नुहोस) । कुल क्षमता अंक ४ मध्ये १.३ बाट बृद्धि भएर ३.० पुगेको छ ।

चित्र १: सामाजिक व्यवहार परिवर्तन क्षमताका सबै क्षेत्रहरु सम्बन्धी आधारभूत र अन्तिम स्व-मूल्यांकनका प्राप्तांक




सरोकारवालाहरूले पहिचान गरेका केही प्रमुख उपलब्धिहरू निम्नानुसार छन् :


- महत्वपूर्ण मुद्दाहरू सम्बोधन गर्न स्थानीय संख्यात्मक र गुणात्मक तथ्यांकको आधारमा कार्यक्रमको विकास र योजनाको अवलम्बन
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणको प्रयासलाई सहयोग गर्न समुदाय र संस्थागत सहकार्यको एक व्यापक आधार सिर्जना गरी औपचारिक र अनौपचारिक संरचनाहरूको परिचालन
- वार्षिक योजना तर्जुमा प्रक्रियामा दिगोपना र प्रभावकारिता सुनिश्चित गर्दै बजेट विनियोजन सहित बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरू समावेश ।
- बालविवाह, उमेर नपुगी वा जवरजस्ती गरिने विवाह न्यूनीकरणका पहलहरूमा निरन्तर सुधार ल्याउन, प्रगतिको अनुगमन गर्न र जवाफदेहिता सुनिश्चित गर्न नियमित चेकलिस्टहरू प्रयोग गर्दै अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना ।

## गाउँ/नगरपालिकाहरूले कार्यान्वयन गरेका क्रियाकलापहरुको प्रत्यक्ष प्रभावहरु: अन्तिम सर्वेक्षण २०२४

गाँउ/नगरपालिकाहरूले लगानी गरी कार्यान्वयन गरेका क्रियाकलापहरू बीचको अन्तर सम्बन्धको मूल्याङ्कन गर्न, R–CEFM परियोजना संचालन भएका ६ वटा गाँउ/नगरपालिकाहरूमा ४,००० घरपरिवारका १२ देखी२१

वर्ष उमेर समूहका किशोर किशोरी (परियोजना कार्यान्वयन अवधिमा १० देखी१९ वर्ष उमेर समूहका ) का अभिभावकहरूको घरधूरीमा आधारित, cross-sectional अध्ययन गरेको थियो । Bivariate विष्लेशणमा आधारित यी निष्कर्षहरूले गाउँ/नगरपालिकाहरूका क्रियाकलापहरूको प्रत्यक्ष प्रभाव र परियोजनाका क्षमता अभिवृद्धि क्रियाकलापहरूको अप्रत्यक्ष प्रभावलाई प्रतिबिम्बित गर्छन् । चित्र २ मा उत्तरदाताहरूको गाँउ/नगरपालिका अनुसार शैक्षिक स्तर, र धर्म अनुसार प्रतिशत देखाइएको छ ।

चित्र २: उत्तरदाताहरूको सामाजिक-जनसांख्यिक विशेषताहरूको प्रतिशत वितरण (N=४०००)




## कार्यक्रममा सहभागीता

करिव ८६% उत्तरदाताहरूले गाउँ/नगरपालिका वा वडास्तरीय बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनिकारणसँग सम्बन्धित क्रियाकलापहरू मध्ये कम्तिमा एउटामा सहभागी भएको जानकारी दिए जसले गाउँ/नगरपालिकाहरूका क्रियाकलापहरूको विविधता, उपयुक्तता र तिनको कार्यान्वयन योजनाको प्रभावकारितालाई देखाउँछ । ती व्यक्तिहरूलाई गाउँ/नगरपालिकाहरूबाट कार्यान्वयन गरिएको नौ वटा विशेष क्रियाकलापहरूमा उनीहरुको सहभागीता वा त्यसको जानकारीबारे सोधिएको थियो । सबै भन्दा बढी सहभागिता वा प्रत्यक्ष जानकारी भएका ३ क्रियाकलापहरू:  बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण सम्बन्धी र्‍यालीहरूको अवलोकन (६६%), धार्मिक वा राजनीतिक नेताहरूको कुरा सुन्नु (६३%), र अभिभावक र किशोरीहरू बाल विवाहको बारेमा छलफलको लागि भएको भेला (५७%) मा सहभागि थिए ।

**८६%** — **७८% ले कम्तिमा एक पटक गाँउ/नगरपालिका वा वडास्तरीय बाल विवह, उमेर नपुगी र जवरजस्ती गरिने विवाहसंग संम्बन्धित क्रियाकलापहरूमा सहभागिता जनाएको वा ८% ले प्रत्यक्ष रूपमा जानकारी लिएको बताएका छन्।**

## विवाहको लागि कानुनले तोकोको उमेर र विवाहका लागि स्वीकार्य सबै भन्दा कम उमेर

करिव ९४% उत्तरदाताहरूले विवाहको कानूनी उमेर २० वर्ष वा सोभन्दा माथि रहेको सही रूपमा बताएका थिए, जबकि ८४% उत्तरदाताहरूले विवाहको स्वीकार्य उमेर २० वर्ष वा सोभन्दा माथि भएको बताए । उत्तरदाताको पृष्ठभूमि विशेषताहरू अनुसार प्रतिक्रियाहरूमा उल्लेखनीय भिन्नता देखियो । किन परिवारहरूले आफ्ना छोराछोरीको २० वर्ष अघि विवाह गरिदिन्छन् भनेर उत्तरदाताहरूलाई सोधिएको प्रश्नमा सबैभन्दा बढी उल्लेख गरिएका दुई कारणहरू छोराछोरीले प्रेम विवाह गरेर भाग्लान् भन्ने डर (८१%) र गरिबी वा आर्थिक अभावको अवस्था (५६%) थिए ।

## कार्यक्रममा पहुँचसँग सम्बन्धित परिवर्तनहरु

**बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह सम्बन्धी छलफलहरु**

कार्यान्वयन गरिएका नौ वटा क्रियाकलापहरूमध्ये कुनै एकमा सहभागि भएका उत्तरदाताहरूलाई ती क्रियाकलापहरुमा सहभागि हुँदा उनीहरुको दृष्टिकोणमा कुनै परिवर्तन भयो कि भएन भनेर प्रश्न सोधिएको थियो । करिव २७% उत्तरदाताहरूले बालविवाह (१८ वर्षभन्दा कम उमेरका व्यक्तिहरूको विवाह) सम्बन्धी छलफलले निकै परिवर्तन भएको ठानेका छन्, जसले समाजको धारणामा ठूलो परिवर्तन, जनचेतनामा वृद्धि, र महत्वपूर्ण नीतिगत तथा कानूनी परिवर्तनहरू र यस अभ्यासको विरोधमा ठोस रुपमा क्रियाकलापहरू बनेको प्रतिबिम्बित गर्दछ । करिव ३२% उत्तरदाताहरुले उमेर नपुगी गरिने विवाह सम्बन्धी छलफलले मध्यम परिवर्तन ल्याएको ठानेका छन, जसले विकसित हुँदै गएको समाजको धारण र चेतना वृद्धिलाई दर्शाउँछ । करिव एक चौथाइ उत्तरदाताहरूले छलफलले अलिकति मात्र परिवर्तन ल्याएको अनुभन गरे र मात्र १२% ले छलफलबाट कुनै परिवर्तन नल्याएको भन्नेप्रतिक्रिया दिए । करिव ५% उत्तरदाताहरूले बालविवाह सम्बन्धी छलफलहरू आफ्नो समुदायमा परिवर्तन भए नभएको र कसरी भन्ने बारेमा जानकारी नभएको बताएका छन् ।


***बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह सम्बन्धि धारणहरु***

करिव आधा (४८%) उत्तरदाताहरूले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणसँग सम्बन्धित क्रियाकलापहरू वा सन्देशहरूसंग परिचित भएपछि आफ्नो छोराछोरीलाई २० वर्षनपुगुन्जेल विवाह नगराउने निर्णय लिइसकेको बताए । अर्का ४०% ले २० वर्षको उमेर अगाडि विवाहलाई समस्याग्रस्त ठानेका छन् किनकि यसले थप शिक्षा प्राप्तिमा बाधा पुऱ्याउँछ र यदि २० वर्षको उमेर अघि गर्भवती भएमा स्वास्थ्यमा समस्या आउनसक्छ । केवल ७% ले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणसँग सम्बन्धित क्रियाकलापहरूमा सहभागी भएर वा सचेतनाले उनीहरूको दृष्टिकोण परिवर्तन नगरेको उत्तर दिए र तिनीहरूले अझै पनि २० वर्षको उमेर अगाडिको विवाहलाई स्वीकार्ने बताए ।

## समाजिक मान्यताहरु

कुनै व्यवहारलाई वर्णनात्मक सामाजिक मान्यता तब मानिन्छ जब जनसंख्या वा समूहको आधाभन्दा बढीले त्यसलाई अभ्यास गर्छन् वा त्यो अभ्यास गर्छन् भनेर सोचिन्छ । समग्रमा, केवल २३% उत्तरदाताहरूले उनीहरूको समुदायमा कम्तीमा आधा व्यक्तिहरूले १८ वर्ष भन्दा कम उमेरका छोरीहरूको विवाह (बाल विवाह) गरिदिने बताए । चित्र ३ मा देखाइएको अनुसार, यो अनुपात लोहारपट्टी र पिपरामा न्यूनतम (४%) बाट शुरु भएर मटिहानीमा अधिकतम (४८%) सम्म छ । यी पत्ता लगाइएका तथ्यहरूका आधारमा, बालविवाह कुनै पनि गाँउ/नगरपालिकामा सामाजिक मान्यता होइन भन्न सकिन्छ । १८ वा १९ वर्षका छोरीहरूको गरिने विवाहको बारेमा सोधिएको समान प्रश्नमा, ४०% ले आफ्नो समुदायका कम्तीमा आधा व्यक्तिहरू यसो गर्छन् भने, जहाँ ५४% ले राजपुरमा यो अभ्यास भइरहेको बताएका छन्, यो एक मात्र नगरपालिका हो जहाँ उमेर नपुगी गरिने विवाहलाई सामान्यलिन्छन् । शहरी उत्तरदाताहरू ग्रामीण उत्तरदाताहरूको तुलनामा बालविवाह, उमेर नपुगी गरिने विवाहलाई सामाजिक परम्पराको रूपमा उद्धृत गरे र मुस्लिमहरूको तुलनामा हिन्दूहरू र माध्यमिक शिक्षा भन्दा कम भएका व्यक्तिहरूको तुलनामा माध्यमिक शिक्षा वा बढी पढेका व्यक्तिहरूसँग यो प्रवृत्ति बढी थियो (चित्र ३) । उत्तरदाताको पृष्ठभूमि र विशेषता अनुसार महत्तवपूर्ण सांख्यिकीय भिन्नताहरू थिए ।


चित्र ३: उत्तरदाताहरूले बालविवाह र उमेर नपुगी गरिने विवाहलाई सामाजिक मान्यताका रूपमा बताएका प्रतिशत




## विवाहको लागि ढिलाई

गाउँ/नगरपालिकाले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि क्रियाकलाप सञ्चालन गरेका १८ महिनाको अवधिमा २० वर्ष भन्दा कम उमेरका छोरीको विवाह स्थगित गर्ने (३९%) भन्दा बढी घरपरिवारहरु यस सर्वेक्षणमा समावेश गरिएका थिए। चित्र ४ मा देखाइएको अनुसार, बाल विवाह स्थगित गर्ने सांख्यिकीय सम्भावना माध्यमिक शिक्षा भन्दा कम भएका व्यक्तिहरूमा (४०%) बढी थियो, जबकि माध्यमिक शिक्षा वा उच्च शिक्षा भएका व्यक्तिहरूको लागि यो सम्भावना २९% थियो। शहरी क्षेत्रहरूमा (५५%) यो सम्भावना ग्रामीण क्षेत्रहरूको तुलनामा (२%) धेरै थियो, मुस्लिमहरूमा (५८%) हिन्दूहरू (३४%) को तुलनामा बढी थियो, र रौतहटमा (४८%) महोत्तरी (३६%) को तुलनामा बढी थियो। यो सर्वेक्षणको नतिजा अनुसार गाउँ/नगरपालिकाबाट सञ्चालित कार्यक्रमले ऐतिहासिक रूपमा सिमान्तकृत समूहहरू र कम शिक्षा स्तर भएका व्यक्तिहरूमा पुग्न सक्षम भएको देखाउँछ। अर्को महत्वपूर्ण कुरा, क्रियाकालापहरूमा संलग्न हुने व्यक्तिहरु (४१%) ले विवाह ढिलो गर्ने सम्भावना कुनै पनि क्रियाकालापहरूमा संलग्न नहुने व्यक्तिहरु (२७%) को भन्दा बढी थियो, यसले व्यक्तिहरुको कार्यक्रममा संलग्नताले सुरक्षात्मक भएको संकेत गर्दछ। ढिलो बालविवाह गरिनुका तीन मुख्य कारणहरू थिए: उत्तरदाताले बालविवाह/उमेर नपुगी गरिने विवाहकाका कारण स्वास्थ्यमा पर्ने नकारात्मक असरहरूको बारेमा सिकाई (६२%), कानूनी प्रावधानहरुको बारेमा सुनेको, सम्भावित जरिवाना वा जेल सजाय समेत (३८%), र २० वर्षभन्दा कम उमेरका विवाहहरू आधिकारिक रूपमा दर्ता नहुने बारे अवगत भएको (३६%)।

चित्र ४: घरपरिवारले अघिल्लो १८ महिनामा विवाहका ढिलाइ गरेको भन्ने उत्तरदाताहरूको प्रतिशत (N=४०००)



## निष्कर्ष

क्षमता स्वःमूल्यांकनको अन्तिम नतिजाहरुले छ वटा गाउँ/नगरपालिकाहरुमा सबै क्षेत्रमा क्षमता सम्बन्धि संख्यात्म र गुणात्मक सुधारहरू भएको संकेत गर्दछ। तथ्यमा-आधारित डिजाइनलाई स्थानीय स्तरका अन्तरदृष्टिहरुसँग एकीकृत गर्दै, विविध सरोकारवालाहरूको परिचालन, आवश्यक बजेट सहित रणनीतिक सामाजिक व्यवहार परिवर्तन क्रियाकलापहरू समावेशगरी र बलियो मार्गदर्शन र अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गरी, नगरपालिकाहरू र वडाहरूले बाल विवाह, उमेर नपुगी र जवरजस्ती गरिने विवाह न्यूनिकरणका लागि लक्षित कार्यक्रमहरू सफलतापूर्वक विकास गरेका छन्। यो बढेको क्षमताले अन्तिम मूल्याङ्कन सर्वेक्षणका नतिजाहरूमा देखिएजस्तै महत्वपूर्ण र व्यापक परिवर्तनहरूलाई जनाउँदछ।

विवाहको कानूनी उमेरबारे जानकारी ९४% लाई थियो, यद्यपि यो प्रतिशत राजपुरमा केहि कम (८८%) देखियो। साथै, यस अध्ययनले छ वटा गाउँ/नगरपालिकाहरु मध्ये कुनैमा पनि बाल विवाह सामान्य मान्यता नभएको र उमेर नपुगी गरिने विवाह केवल राजपुरमा मात्र सामाजिक मान्यताको रूपमा रहेको देखाउँछन्।

अन्तिम मुल्याङ्कन परिणामहरूले देखाए अनुसार ८६% उत्तरदाताहरूले गाउँ/नगरपालिकाबाट सञ्चालित क्रियाकलापहरूमा सहभागी भएको वा ती क्रियाकलापहरूको बारेमा प्रत्यक्ष रूपमा जानकारी पाएको देखियो, जुन अपेक्षा भन्दा निकै बढी हो।

यस उच्च प्रभावले गाउँ/नगरपालिकाहरू र वडाहरूले नेतृत्व र स्वामित्व लिने गरी डिजाइन गरिएको क्षमता अभिवृद्धि दृष्टिकोणको सफलतालाई उजागर गर्दछ, जुन स्थानीय रूपमा उपयुक्त र प्रभावकारी कार्यक्रमहरू डिजाइन गर्न सबैभन्दा सक्षम भएको देखाउँछ। अध्ययनमा सहभागी मध्ये लगभग आधा उत्तरदाताहरूले यी क्रियाकलापहरूमा भाग लिएको कारणले उमेर नपुगेका छोराछोरीलाई विवाह नगर्ने निर्णय गरेको विचार व्यक्त गरे। अन्ततः गाउँ/नगरपालिकाद्वारा क्रियाकलापहरू कार्यान्वयन गरेको अवधिमा करिव दुई मध्ये एक उत्तरदाताहरूले आफूले उमेर नपुगेको विवाहलाई ढिलाई गरेको बताएका थिए। यो परिणाम तुलनात्मक रुपमा सम्पन्न व्यक्तिहरूबाट मात्र आएको जानकारी नभई, सीमित स्रोतसाधन भएका समूहहरूबाट पनि आएको छ, जसबाट कार्यक्रमले सामाजिक समानता प्रवर्द्धन गर्नमा महत्वपूर्ण प्रगती गरेको छ। महत्वपूर्ण प्रगति हासिल भएपनि, दीर्घकालीन अभ्यास परिवर्तन गर्न समय र ठूलो प्रयास आवश्यक पर्छ र तथ्याङ्कले बालविवाह र उमेर नपुगी गरिने विवाहका प्रमुख कारणहरू मध्ये गरिबीलाई पनि देखाउँछ, त्यसैले यसलाई सम्बोधन गर्न जरुरी छ।

गाउँ/नगरपालिकाहरू र वडाहरूले बालविवाहको अन्त्य गरी बालिका र महिलाको स्वास्थ्य र सुख समवृद्धिमा वृद्धि गर्ने अन्तिम लक्ष्य हासिल गर्न आफ्नो सीपलाई निरन्तर निखार्न र क्रियाकलापहरूलाई विस्तार गर्न पर्याप्त बजेट विनियोजनको साथ प्रतिबद्धता जनाएका छन।

यो सामग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) को Breakthrough ACTION परियोजनामार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो। यस सामग्रीभित्रका विषयवस्तले यूएसएआईडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन।

USAID अमेरिकी जनताबाट

Breakthrough ACTION FOR SOCIAL & BEHAVIOR CHANGE

मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
जनकपुरधाम, धनुषा